# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## गभर्नर डा. चिरंजीबि नेपाल 2019 Annual Meetings of WBG/IMF मा सहभागी हुनु भई स्वदेश फिर्ता

गभर्नर डा. चिरंजीबि नेपाल संयुक्त राज्य अमेरिकाको वासिङ्गटन डी.सी.मा अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकद्वारा आयोजित 2019 Annual Meetings of the World Bank Group and the International Monetary Fund मा सहभागी भई मिति २०७६ कार्तिक ९ गते साँझ स्वदेश फिर्ता हुनु भयो ।

गभर्नर डा. नेपाल अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकको प्लेनरी सेसनमा सहभागी हुनुभयो । प्लेनरी सेसनलाई विश्व बैंकका President David Malpass र अन्तर्राष्ट्रिय मुद्रा कोषका Managing Director Kristalina Georgieva ले सम्बोधन गर्नु भएको थियो भने उक्त सेसनको अध्यक्षता फिजीका अर्थमन्त्री Hon. Aiyaz Sayed-Khaiyum ले गर्नु भएको थियो ।

गभर्नर डा. नेपाल अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकको South East Asia Voting Group को बैठकमा सहभागी हुनुभयो । वासिङ्गटन डी.सी. मा रहँदा गभर्नर डा. नेपाल 39th SAARCFINANCE Group Meeting मा पनि सहभागी हुनुभयो । गभर्नर डा. नेपाल विश्व बैंकले International Development Association को नेपालसँगको सहकार्यको ५० वर्ष पुगेको उपलक्ष्यमा आयोजित कार्यक्रममा पनि सहभागी हुनु भयो ।

यसैगरी गभर्नर डा. नेपालले अन्तर्राष्ट्रिय मुद्रा कोषको South East Asia Voting Group का Executive Director Alisara Mahasandana, अन्तर्राष्ट्रिय मुद्रा कोषका Deputy Managing Director Tao Zhang तथा Asia Pacific Department का अधिकारीहरुसँग छुट्टाछुट्टै भेटवार्ता गर्नु भएको थियो । उक्त भेटका क्रममा द्विपक्षीय हीत, प्राविधिक सहयोगका क्षेत्रहरु, नेपालको अर्थतन्त्र, विश्व अर्थतन्त्रको पछिल्लो प्रवृत्ति र त्यसले नेपालको अर्थतन्त्रमा पार्ने प्रभाव तथा आगामी Article IV Consultation का बारेमा छलफल गर्नुभयो । सो भेटघाटको क्रममा गभर्नर डा. नेपालले सन् २०२० को फेब्रुअरीमा नेपाल राष्ट्र बैंकले आयोजना गर्न लागेको International Conference on Finance and Economics मा सहभागी हुनका लागि समेत आग्रह गर्नु भयो । गभर्नर डा. नेपालका साथमा रहेका भ्रमण दलका पदाधिकारीहरुले अन्तर्राष्ट्रिय मुद्रा कोषको Statistics Department, Monetary and Capital Markets Department, Communications Department र Finance Department को Safeguard Assessment Team का अधिकारीहरुसँग पनि प्राविधिक सहयोगका विषयमा छलफल गर्नु भएको थियो ।

गभर्नर डा. नेपालका साथ अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्ट समेत सहभागी हुनु भएको थियो ।

२०७६ कार्तिक १०, आइतबार

गभर्नरको कार्यालय